# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ६४८

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

मिति २०७५/०५/१४

श्री वडा कार्यालय सबै ।

**बिषय - आवश्यक समन्वय सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा शहरी बिकास मन्त्रालय काठमाडौं उपत्यका बिकास प्राधिकरणको च.नं. ५९ मिति २०७५/४/२७ को पत्रानुसार करिव १० हजार रोपनी क्षेत्रफल समेट्ने गरी नयाँ हरित नगरको निर्माणको प्रारम्भिक कार्य सुरु भएकाले बिस्तृत आयोजना तयारीका लागी चरणबद्ध छलफल अन्तरक्रिया मार्फत अध्ययन प्रतिवेदन तयार तथा कार्यान्वयनका लागी आवश्यक सहयोग तथा समन्वय माग भई आएकाले उल्लेखित वडाहरुले आवश्यक समन्वय तथा सहजिकरणका लागी अनुरोध गरिन्छ ।

**प्रस्तावित नयाँ नगरको सीमाना - काठमाडौंको १० हजार रोपनी**

पूर्व - सामाखुशी टोखा रोड हुँदै बाइपास
पश्चिम - काभ्रेस्थली बाइपास जाने मुल सडक
उत्तर - सपनतिर्थ मालुङ हुँदै काभ्रेस्थली
दक्षिण - ग्रीनल्याण्ड चोकदेखी मनोरथ हुँदै महादेव खोला काभ्रेस्थली मूल सडक पुल

२०७५-०५-१४
(पुष्पराज खनाल)
शाखा अधिकृत

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

नेपाल सरकार
सहरी विकास मन्त्रालय

# काठमाडौं उपत्यका विकास प्राधिकरण

अनामनगर, काठमाडौं
(काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ द्वारा स्थापित)

फोन नं.: ४७७०६६१, ४७७११३८
फ्याक्सः ४७७१०४९

पत्र संख्याः ०७५।७६
चलानी नं: ४१

मितिः २०७५।०४।२७

श्रीमान् प्रमुखज्यू,
जिल्ला समन्वय समिति, काठमाण्डौ ।
श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ ।
श्रीमान् प्रमुखज्यू,
मालपोत कार्यालय,टोखा।
श्रीमान् प्रमुखज्यू,
नापी कार्यालय टोखा ।
श्रीमान् प्रमुखज्यू,
टोखा नगरपालिकाको कार्यालय, काठमाण्डौ ।
श्रीमान् प्रमुखज्यू,
तारकेश्वर नगरपालिकाको कार्यालय, काठमाण्डौ ।

टोखा नगरपालिका
दर्ता नं. ३३४
मिति २०७५।५।१

**विषय:- आवश्यक सहयोग तथा समन्वयका सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा काठमाण्डौ उपत्यका विकास प्राधिकरणले काठमाण्डौ जिल्लामा पर्ने तपशिलमा उल्लेखित सिमाना भित्रको करिव १० हजार रोपनी क्षेत्रफल समेट्ने गरी नयाँ हरित नगरको निर्माणको प्रारम्भिक कार्य सुरु गरेको छ ।

उक्त स्थानमा नयाँ हरित नगर निर्माणको लागि आवश्यक पर्ने विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि राष्ट्रिय परामर्शदाताहरुको संयुक्त उपक्रम संग सम्झौता गरी प्रारम्भिक प्रतिवेदन तयारीको क्रममा रहेको छ । विस्तृत आयोजना तयारीको क्रममा स्थानीय तहसंग विभिन्न चरणमा छलफल, अन्तरक्रिया समेत गरी आयोजनालाई अन्तिम स्वरुप दिइने छ। यस आयोजनाको अध्ययन प्रतिवेदन तयारी एवं

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण
अनामनगर, काठमाडौं
(काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ द्वारा स्थापित)

फोन नं.: ४७७०६६१, ४७७११३८
फयाक्स: ४७७१०४९

पत्र संख्याः
चलानी नंः

स्थलगत कार्यान्वयनमा समेत स्थानीय तह एवं सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहने कुरालाई मध्य नजर गर्दै उक्त कार्यको लागि आवश्यक सहयोग र समन्वय गरिदिनुहुनका लागि अनुरोध गरिन्छ । साथै जग्गाको लगत , क्षेत्रफल, नापी नक्शाहरु समेत उपलब्ध गराई सहयोग गरीदिनुहुन अनुरोध गरिन्छ ।

तपशिल :

**प्रस्तावित नयाँ नगरको सीमाना:**

१. **प्रस्तावित नयाँ नगरको सीमाना: काठमाण्डौको १०,००० रोपनी**
**पूर्व:** सामाकोसि, टोखा रोड हुँदै बाईपास ।
**पश्चिम:** क्राभ्रेस्थली बाईपास जाने मुल सडक ।
**उत्तर:** सपनातिर्थ मालुङ हुँदै काभ्रेस्थली ।
**दक्षिण:** ग्रिनल्याण्ड चोकदेखि मनोरथ हुँदै महादेव खोला काभ्रेस्थलीको मुल सडक पुल ।
करिब १०,००० रोपनी क्षेत्रफल जग्गामा नयाँ सहरको भौतिक योजना तर्जुमा गर्ने ।

**बोधार्थ:**
श्री TAEC Consult P.Ltd –Full Bright Consultancy (P) Ltd. and Geocom International Pvt. JV

२०७५/५/२६
...............
नवराज प्याकुरेल
नायव विकास आयुक्त